# स्वास्थ्य शिक्षामा विद्यार्थी जिम्मेवार पद्धति

# Student Assignment System in Health Education

## अभिमुखिकरण कार्यक्रम

मिति २०७६।०७।१८ गते

आयोजक

अमरगढी नगरपालीका

शिक्षा/स्वास्थ्य शाखा

डडेल्धुरा

**तालिम सारणी**

**१०:०० बजे नामदर्ता**

**१०:१५–१०:४५ आशनग्रहण र स्वागतसहित उद्देश्यमाथि प्रकाश**

**१०:४५–११:१५ परिचय**

**११:१५–१२:०० सम्म** Assignment and writing Tips **परिचय(गणेश बिष्ट)**

**१२:००–१:००** Social Change and social Transformation Through Education

(Bishnu Bhatta)

**१:००–१:३० सम्म खाजा**

**१:३०–२:००** Assignment Based Practicum and Feedback session(Hemant Pant)

**२:००–३:००** Topics of Assignment(Group Discussion).

**३:००–४:००** Demo of Assignment..

**४:००–५:००** Closing

## अनुसूची १

मूल्याङ्कन योजना (Assignment Evaluation Format Total 10 marks Per Assignment)

| *Sub Topics* | *Marks* |
|---|---|
| प्रतिवेदन फरम्याट | 2 |
| शैली र अक्षर | 2 |
| बिषयबस्तु | 2 |
| मौलिकता | 2 |
| सुझावको गाम्भीर्यता | 2 |
| जम्मा | 10 |

नोट : कक्षा ८को लागि ३ वटा assignment को मुल्याँकन सुत्र : ३ वटा assignment को कुल अंक / ३

कक्षा ९ र १० का लागि : ३ वटा assignment को कुल अंक / २

# अनुसूची २

## बिद्यार्थीको समग्र assignment साराँश प्रतिबेदन(स्वास्थ्यकर्मीले तयार गर्ने)

बिद्यालयको नाम ः

| बिषय | सम्मिलित बिद्यार्थी संख्या | अध्ययन गरेको स्थान वा समुदाय | अध्ययनको सार | बिद्यार्थीको समग्र सुझावको सार संक्षेप |
|---|---|---|---|---|
| | | | | |

प्रतिबेदन तयार गर्ने

नाम ः

पद ः

संस्था ः

# अनुसूची ३

**बिद्यार्थीहरुले तयार पार्ने प्रतिवेदन फ्रम्याट (एक साइडमात्र लेख्ने)**

**बिद्यार्थीको नाम ः** **कक्षा**

**रोल न**

**बिद्यालयको नाम ः** **अध्ययनको समुदाय ः**

**शिर्षक ः** ***बिचमा***

१ (Introduction)**पृष्ठभुमी(एक वा दुई प्यारागाफ)**

**क) परिभाषा**

**ख) स्थानको परिचय**

**ग) छलफल गरिएका ब्यक्तिको अवस्था र संख्या**

२. Body Part **(मुख्य भाग प्यारागाफमा ३ प्यारागाफ)**

**क) बिषयको आवश्यकता**

**ख) मानिसहरुको भनाई**

**ग) उनीहरुले ब्यवहार ः अध्ययनकर्ताका नजरमा**

३. Conclusion **निश्कर्ष (प्यारागाफमा)**

४. Recomondation **सुझावहरु**

**बुलेटमा**

**द्रस्टब्य**

*१. पानाको एक साईडमात्र प्रयोग गर्नु पर्ने ।।*
*२. बायाँबाट दुई औंला छोड्नु पर्ने ।।*

**अनुसूची ४**

**Assignment कार्ययोजना**

| सिन | कार्यहरु | दिने अवधि | प्राप्त गर्ने अवधि | नगरपालीकामा प्रतिवेदन दिने अवधि | परिक्षण गरी अंक उपलब्ध गराउने | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थीहरुलाई जिम्मेवारी (Assignment 1) | मसिंर १ | मंसिर १५ | मंसिर २० | पौष १ | |
| २ | विद्यार्थीहरुलाई जिम्मेवारी (Assignment 2) | पौष १ | पौष १० | पौष १५ | माघ १ गते भित्र | |
| ३ | विद्यार्थीहरुलाई जिम्मेवारी (Assignment 3) | माघ २५ | फाल्गुन १० | फाल्गुन १५ | फाल्गुन २५ भित्र | |
| | जम्मा | | | | | |

# अनुसूची ५

## मुल्याँकन बिधि

| कक्षा | बिद्यार्थीको लेखन | बिद्यार्थीको ब्यवहार | जिम्मेवारी | |
|---|---|---|---|---|
| | (A) | (B) | (A) | (B) |
| कक्षा ८ | १० | १० | स्वास्थ्य शाखा | शिक्षक |
| कक्षा ९ | १५ | १० | शिक्षक | शिक्षक |
| कक्षा १० | १५ | १० | शिक्षक | शिक्षक |

द्रस्टब्य ः कक्षा ८ को assignment गरेको कपी शिक्षकले संकलन गरी एउटै फाईलमा राखि मुल्याङ्कनका लागि स्वास्थ्य संस्थामा पठाउने छन् । कक्षा ९ र १० को कपीको मुल्याँकन शिक्षकले गरे पनि प्रत्येक कपी फाईलमा राखि साराँश प्रतिबेदन तयार गर्न स्वास्थ्य संस्थामा दिनु पर्नेछ । साराँश प्रतिबेदन तयार पश्चात कपी फिर्ता हुनेछन् ।

## अनुसूची ६

## Assignment का नमुनाहरु

१. हाम्रो समाजका प्रायः हरेक महिलाहरुले नै घरको खाना बनाउने र सबैलाई खाना पश्किने कार्य गर्दछिन् । खाना बनाउने, खाना खाने वा खाईसके पछि र दिशा गरी सकेपछि सावुनपानीले हात धुनु पर्दछ भन्ने हामीले पढेका छौ र बुझेका छौं । साँच्चै के महिलाहरु साँच्चै माथिका चार काम गर्दा साबुनपानीले हात धुन्छन् । उनीहरुको सुक्ष्म अध्ययन (observation) गरी यथार्थ प्रतिवेदन लेख्नोस् ।

२. गर्भवती आमाहरुले बच्चा जन्माउदा अस्पतालमा जन्माउनु पर्दछ जस्ले गर्दा आमाको अकालमै मृत्यु हुनबाट बचाउन सकिन्छ। तपाईको समुदायका आमाहरुलाई **"बच्चा कहाँ जन्माउन ठिक हुन्छ र किन"?** भन्ने प्रश्न सोधेर उनीहरुले भनेको कुरालाई आफ्नो भाषामा लेख्नोस् ।

३. बच्चाहरु र आमाहरुलाई पोषणयुक्त थप खानेकुरा खानु पर्छ भन्ने मान्यताबाट हरेकबार खाना चार को बिषयहरुलाई प्रत्येक आमाहरुलाई पोषणको बिषयमा सिकाईएकोछ । त्यो बिषय साँच्चै आमाहरुले बुझेका छन् वा छैनन् । बुझेका भए प्रयोगको अवस्था कस्तो छ र बुझेका छैनन् भने आमाहरुलाई पोषणको बिषयमा कसरी बुझाउन सकिन्छ ? आफ्नो राय प्रस्तुत गर्नुहोस् ।

४. तपाईहरुको समुदायमा चर्पीको प्रयोग गर्ने धेरै होलान । चर्पी गर्नेहरु किन चर्पीको प्रयोग गर्नु हुन्छ । यसका फाईदाहरु के के हुन्छन् भनी समुदायका मानिसहरु के भन्छन् भनी सोधी लेख तयार गर्नु होस।

५. समुदायमा चर्पी प्रयोग नगर्ने परिवार वा ब्यक्ति खोजि गरी खुल्ला दिशा गर्नुको कारण सोधी प्रतिवेदन तयार गर्नु होस।

६. अधिकाशं समाजमा मानिसहरुको असाध्य चिया पिउने बानी छ । चिया पिउदा कुन समयमा पिउने वा कति पटक पिउने भन्ने बारेमा मानिसहरु के भन्छन् सोधेर प्रतिवेदन तयार गर्नु होस ।

७. अधिकाशँ मानिसहरुका दाँतहरु बिग्रेका कारण रुप नै बिग्रेको हामीले देखेका छौ । समुदायका मानिसहरु दाँत कति पटक माझ्छन वा कसरी माझ्छन् अध्ययन गरी प्रतिवेदन तयार गर्नु होस ।

८. पानी पिउदा समुदायका मानिसहरु पानीको गुणस्तर नहेरी नै पिउने गर्दछन यद्धपि उमालेको पानी मात्रै पिउने बानी लगाउनु पर्छ भनेर राज्यले भन्दै आएको छ । तपाईको समुदायका मानिसहरु कस्तो पानी पिउने गर्छन मुल्याँकन गरेर प्रतिवेदन तयार गर्नु होस् ।

९. तपाईका समुदायमा भएका महिला स्वास्थ्य स्वयंसेवीकाले समुदायमा कस्तो काम गर्दै आएका छन् समुदायका मानिसहरुसंग सोधर र बुझेर प्रतिवेदन लेख्नोस् ।

१०. तपाईको घरका वातावरण सफा, स्वच्छ सफा राख्न के के गर्नु हुन्छ केही काम गरेका भए के के गर्नु भएको छ र केही नगरेको भए के के गर्न उपयुक्त हुन्छ होला भनी प्रतिवेदन लेख्नोस् ।

११. तपाई चिया पसलमा गएर चिया पिउनु भएको होला, खाजा खानु भएको होला । चिया पसलेले पानी दिने बेला पानीको गुणस्तर कस्तो देख्नु भएको छ ? के साच्चै त्यो पिउन योग्य पानी छ ? बुझ्रेर प्रतिवेदन लेख्नु होस् ।

१२. होटेलमा खाना खादैं गर्दा होटेलमा काम गर्ने मानिसहरुको हातले कस्तो कस्तो खानेकुरा छुन्छ । के ति हातहरु सफा हुन्छन् हेरेर प्रतिबेदन तयार गर्नोस ।

१३. हाम्रो समाजमा धुम्रपान गर्ने मानिसहरुको संख्या अध्याधिक होला ति मानिसहरुले खोकेको पनि देख्नु भएको होला । ति मानिसहरुलाई कस्तो सुझ्राव दिनु भयो सुझ्राव दिए पछि प्रतिबेदन तयार गर्नु होस् ।

१४. गतबर्ष तपाईको समुदायमा नगरपालीका वा अन्य निकायबाटको लगानीमा कुनै विकास निर्माणका कार्यहरु भएका छन् ? यदि छन् भने त्यस्तो कार्यले तपाईको समुदायलाई के फाईदा भएको छ ? प्रतिवेदन लेख्नोस् ।

१५. तपाईको टोल छिमेमका महिला स्वास्थ्य स्वयं सेवीकाहरुले ५ बर्ष मुनीका बालबालिकालाई कार्तिक २ र ३ गते भिटामिन ए र जुकका औषधि खुवाएकी छिन । उहाँहरुले खुवाउन खोज्दा पनि खान छुटेका वा खुवाउन नचाहाने परिवार समुदायमा कही कतै भेट्टिन्छन । तपाईको समुदाय पनि भीटामिन ए खान छुटेका बालबालिका भए खोजेर छुट्नुको कारण समेत के हो लेख्नोस् ।